नगर वस्तुस्थिति विवरण
(Profile)

शिवराज नगरपालिका

कपिलवस्तु, प्रदेश नं. ५

२०७६

दस्तावेजः	नगर वस्तुस्थिति विवरण २०७६
प्रकाशकः	शिवराज नगर कार्यपालिकाको कार्यालय, चन्द्रौटा, कपिलवस्तु http://www.shivarajmun.gov.np/
सर्वाधिकारः	प्रकाशकमा
परामर्शदाताः	**Robust IT Concepts Pvt. Ltd, Lalitpur** **Contact: 01-4781544** Email: info@robustitconcepts.com

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
प्रदेश नं. ५, नेपाल

प्रकाशकीय

समाज रुपान्तरण प्रति नेपाली जनताको तिव्र चाहना र वलिदानीपुर्ण संघर्षका कारण नेपाल युगान्तकारी राजनैतिक परिवर्तनका साथ संघीय लोकतान्त्रिक गणतन्त्रतात्मक मुलुकको रुपमा स्थापित भएको छ । नेपालको संविधान २०७२ मार्फत संघिय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, वहुलवाद, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकिय संरचना, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपुर्ण उपलब्धिहरु संस्थागत भएका छन । संघिय संरचना अर्न्तगत निर्वाचित स्थानीय सरकार लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारभुत मेरुदण्डका रुपमा रहेको छ । स्थानीय सरकारका रुपमा नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा तत्सम्बन्धी तयार भएका नीतिगत व्यवस्था बमोजिम सेवा प्रबाह गरी जनताको जनआकांक्षा सम्बोधन गर्ने ऐतिहासिक जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ । स्थानीय तह, प्रदेश र संघ विच समन्वय, सहकार्य र सह-अस्थित्वको सिद्धान्तका आधारमा शासन व्यवस्थाको संचालनवाट मात्रै जनताको जनआकांक्षा पुरा गर्न सकिन्छ ।

कपिलवस्तु जिल्लाको पश्चिमी भेगमा अवस्थित शिवराज नगरपालिका भौगोलिक अवस्था, विकास संभावना तथा साधन र श्रोतको उपलव्धताका आधारमा ५ नं. प्रदेशकै आर्थिक अन्तर-सम्बन्धको केन्द्रको रुपमा विकसित हुने प्रचुर सम्भावना रहेको नगरपालिका हो । तर सुशासन, प्रभावकारी सेवाप्रवाह, पर्यटकिय पुर्वाधारको निर्माण, कृषिमा व्यवसायीकरण, स्थानीय औधोगिकरण, उत्पादन तथा आयमुलक कार्यमा लगानी, रोजगारीको सृजना तथा नागरिकहरुको प्रतिव्यक्ति आयमा वृद्धि नभई समग्र शिवराजको आर्थिक सम्वृद्धि हुन सक्तैन । यसका लागि संघिय, प्रान्तिय तथा स्थानीय सरकार, स्थानीय राजनैतिक दल, संघ संस्था, सहकारी तथा निजि क्षेत्र सवैको विकास र परिवर्तन प्रतिको सकारात्मक सोच, जुझारु एकता र दृढ ईच्छाशक्ति हुनु अति नै आवश्यक छ । वस्तुगत तथा तथ्यपरक योजना निर्माण, सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी गराउन नगरपालिकाको समग्र पक्षको क्षेत्रगत तथा खण्डिकृत तथ्यांक खुल्ने गरी वस्तुस्थिति विवरण वा पार्श्वचित्र तयार गर्नु अत्यन्त महत्वपूर्ण कार्य हो । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को खण्ड (ड) मा प्रत्येक स्थानीय तहले आफ्नो योजना, नीति, कार्यक्रम र वजेट तयार गर्न र आवधिक योजना तर्जूमाका लागी नगरपालिकाको समग्र स्थिति झल्कने पार्श्वचित्र तयार गर्नु पर्ने व्यवस्थालाई मध्यनजर गर्दै गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्य विधी २०७५ बमोजिम यस शिवराज नगरपालिकाको नेतृत्व तथा रोबस्ट आईटी कन्सेप्ट्स प्रा.लि. को प्राविधिक सहयोगमा निर्माण गरिएको नगरपालिकाको पार्श्वचित्र तयार गर्ने क्रममा यस क्षेत्रमा कृयाशिल विकास साझेदार, नागरिक समाज, वुद्धिजिवी, उद्योगी व्यवसायी, निजि क्षेत्र समेतको अर्थपूर्ण सहयोग र सहभागिता रहेको छ । यसबाट नगरपालिका क्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जुमा, आन्तरिक आय वृद्धि तथा विकास प्रकृया लगाएत समग्र क्षेत्रमा मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु । यसका अतिरिक्त यस क्षेत्रमा कृयाशिल अन्य विकास साझेदारहरुका लागि समेत उल्लेखित विवरण महत्वपूर्ण र सहयोगी सिद्ध हुनेछन ।

अन्त्यमा, यस पार्श्वचित्र निर्माण कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने नगरपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीय स्तरमा कृयाशिल राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था, प्राविधिक सहयोग गर्ने रोबस्ट आईटी कन्सेप्ट्स प्रा.लि. र तथ्याकं संकलनकर्ता लगायत सबैको योगदानको उच्च कदर गर्दै अत्यन्तै हार्दिकता पूर्वक धन्यवाद व्यक्त गर्न चाहन्छु ।
धन्यवाद !

.....
नेत्रराज अधिकारी
नगर प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
प्रदेश नं. ५, नेपाल

मन्तव्य

"तथ्याङ्क नै सूचनाको आधार हो, तथ्य तथ्याङ्क नै विकास निर्माणको पूर्वाधार हो" अतः यसै सन्दर्भमा शिवराज नगरपालिकाले यसको अवधारणा ल्याई हरेक स्थानीय तहले प्रत्येक बर्ष आफ्नो नगरपालिकाको वस्तुस्थिति विवरण प्रकाशन गर्नुपर्ने अवधारणा अनुरुप सोही अवधारणालाई अवलम्बन गर्न स्थानीय सरकार ऐन २०७४ को दफा ११ को खण्ड ड तथा गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्य विधी २०७५ अनुसार नगरपालिकाको समग्र वस्तु स्थिति झल्केन नगर पार्श्वचित्र प्रकाशन गर्ने उद्देश्यका साथ स्थानीय तहका ग्रामिण बस्ती स्तरको विकासका आधारभुत सूचना, तथ्याङ्क, संरचनामा परिवर्तन ल्याउन सूचनामा आधारित तथ्याङ्कको अग्रगामी भूमिका रहेको देखिन्छ ।

तथ्याङ्कले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, सहजिकरण, समन्वय, समग्र नियन्त्रण तथा सुशासन र अनुशासन आदि जस्ता कार्यमा प्रभावकारीता ल्याउनका लागि कुनै पनि निकायको सेवा प्रवाह जस्ता कार्यको लागि आफ्नो सेवा क्षेत्रको सम्पूर्ण वस्तुस्थिति झल्किने गरी वस्तुस्थिति विवरण तयार गर्नु पर्ने आवश्यकता देखिएकै सन्दर्भमा नेपाल अधिराज्यका सम्पूर्ण स्थानीय तहको न्यूनतम कार्य सम्पादन मूल्याङ्कन कार्यको प्रमुख सूचक भएका कारण यस कार्यलाई थप उर्जा प्रदान गरेको महशुस गरेको छु । यसै कारणबाट प्रत्येक वर्ष शिवराज नगरपालिकाको पार्श्वचित्रबाट परिचित हुने भएकाले यस कार्यलाई शिवराज नगरपालिकाको तर्फबाट प्रमुख प्राथामिकिरणका आधारमा अग्रस्थान दिदैं आ.व.२०७५/०७६ मा अद्यावधिक सहितको विवरण प्रकाशन कार्यका लागि बिशेष व्यवस्था गरी उक्त कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिई यस कार्यलाई नगरपालिका निवासी, सरोकारवाला र आम जनसमुदायको चाहना अनुसार स्थानीय तहका योजना छनौट, योजना प्राथमिकीकरण, स्थानीय स्रोत साधनको परिचालन र सम्भाव्यता अध्ययन कार्यमा सहजता हुने हुँदा यो कार्यको अत्यावश्यक महशुस गरिएको छ भन्ने मुल आशय अनुरुप वस्तुस्थिति विवरण प्रकाशन गर्न सफल भएका छौं । यो कार्य सरोकारवाला माझ सार्वजनिक गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं ।

अन्तमा शिवराज नगरपालिकाबाट वस्तुस्थिति विवरण सहितको स्रोत नक्शा तयारीको सुरुदेखि अन्त्य सम्म आ-आफ्नो तह र तप्काबाट सूचना उपलब्ध गराउनु हुने यस नगरपालिकाका वडा अध्यक्ष, कार्यपालिका सदस्य, बुद्धिजिबी, शिक्षाप्रेमी, नागरिक समाज, यूवा, महिला, दलित, विषयगत कार्यालयका प्रमुख, संघ संस्थाका प्रमुख, विद्यालयका प्रधानाध्यापक लगायत हरेक वडा वस्तीको सूचना उपलब्ध गराई विवरण प्रकाशन कार्यमा सहयोग पुऱ्याउनु हुने आदरणीय व्यक्तित्व लगायत नगरपालिकामा कार्यरत कर्मचारी मित्रहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । आवश्यक विवरण उपलब्ध गराई पुस्तक प्रकाशन कार्यका लागि सर्म्पकमा आएका सम्पूर्ण कार्यलाई आत्मसाथ गरी वस्तुस्थिति विवरण प्रकाशन कार्यमा अहोरात्र खट्नु भएका तथ्याङ्क संकलक, सामाजिक परिचालकहरु, कम्प्यूटर अप्रेटर, सूचना अधिकृतलाई बिशेष धन्यवाद दिन चाहन्छु । वस्तुस्थिति विवरण तयारीमा प्राविधिक सहयोग उपलब्ध गराउने रोबस्ट आईटी कन्सेप्ट्स प्रालिलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यस पुस्तकको सम्पूर्ण विवरणले सम्बन्धित सरोकारवाला सबैलाई राहत मिल्ने छ भन्ने विश्वास लिएको छु ।

.....

शिव कुमारी चौधरी
नगर उप-प्रमुख

शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
प्रदेश नं. ५, नेपाल

दुई शब्द

शिवराज नगरपालिका यहाँका जनताको सबैभन्दा निकटको सरकारका रुपमा स्थानीय शासन संचालन र व्यवस्थापनका लागि नयाँ अनुभवका साथ अगाडी बढिरहेका छ । विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाका अतिरिक्त सिमित साधन र स्रोतको सीमा भित्र रहेर शासन संचालन र व्यवस्थापन गर्न चुनौतिपूर्ण कार्यका रुपमा देखिएको छ । जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाई संघीय प्रणालीको सुदृढीकरण, दिगो शान्ति, सुशासन, विकास र संमृद्धिको आकांक्षा पुरा गर्ने दिशामा महत्वर्पूर्ण जिम्मेवारी नगरपालिकामा रहेको छ । स्थानीय तहमा अन्तरनिहित अधिकार तथा अधिकारको बाँडफाँड र कार्यसम्पादन सम्बन्धी विषयलाई विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाले रेखाङकन गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वस्तुस्थिति विवरण तयारी गर्न ढाँचा समेत उपलब्ध गराएको वर्तमान अवस्थामा समग्र नगरपालिकाको विकासको अवस्था र वस्तुगत स्थिति झल्किने खण्डीकृत तथ्यांक सहितको क्षेत्रगत विवरण खुल्ने वस्तुस्थिति विवरण तयार गरी अद्यावधिक गर्दै लैजानु आवश्यक छ ।

नगर वस्तुस्थिति विवरणले नीति, कानून, मापदण्ड र योजना निर्माणका अतिरिक्त कार्यान्वयन र नियमनका लागि आवश्यक सूचना प्रदान गर्नेछ । यस विवरणले नगरपालिकाको विकासमा समन्वय र सहकार्य गर्ने निकाय तथा विकास साझेदार गैसस, नीजि क्षेत्रलाई समेत मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरेको छु । समय, स्रोत र साधनको सिमितताका वावजुद सरोकारवालासँगको छलफल र द्धितीय तथ्यांकको उपयोग गरी तयार गरीएको यस नगरपालिकाको वस्तुस्थिति विवरण तयारीको पहिलो प्रयास सफल भएकोमा खुशि व्यक्त गर्न चाहन्छु । पहिलो प्रयास भएका कारणले वस्तुस्थिति विवरणमा हुन सक्ने कमि कमजोरीहरुलाई क्रमशः सुधार र अद्यावधिक गर्दै लगिने छ ।

अन्तमा, वस्तुस्थिति विवरण तयारी कार्यमा नेतृत्वदायी भूमिका खेल्ने नगर प्रमुख तथा नगर उपप्रमुख लगायत सबै निर्वाचित पदाधिकारी, कर्मचारी र सबै सरोकारवाला तथा प्राविधिक सहयोग प्रदान गर्ने रोबस्ट आईटी कन्सेप्ट्स प्रालि का विषय विज्ञ तथा प्राविधिक सहयोगकर्ता सबैलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा सबैको साथ र सहयोगले नगरपालिकाको विकास प्रकृया, शासन सञ्चालन र व्यवस्थापन सहज र उत्साहप्रद हुनेछ भन्ने अपेक्षा राखेको छु ।

धन्यवाद् !

.....
शेषकान्त पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वडा, स्थानीय तह तथा प्रदेश छुट्टीने नक्शा



नगरपालिकाको संक्षिप्त झलक

विषय क्षेत्र	विवरण
भौगोलिक तथा प्राकृतिक	***अक्षांश तथा देशान्तर*** - २७ डिग्री ३४ मिनेट ६ सेकेण्डदेखि २७ डिग्री ४७ मिनेट ४४ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ४३ मिनेट ५२ सेकेण्ड देखि ८२ डिग्री ५६ मिनेट ७ सेकेण्ड पूर्वी देशान्तर
	क्षेत्रफल - २८४.०७ वर्ग किलोमिटर
	उचाई - ७०० देखि १००० फिट
	जलवायु - उष्ण
	भूउपयोग (%) - ३३.९१
	साविकका नगरपालिका/गाविस- शिवराज नपा, शिवगढी गाविस, लालपुर गाविस र थुन्हिया गाविस
जनसाङ्ख्यिक	***जनसंख्या*** - पुरुष: ३८१११ महिला : ३५४३६ जम्मा : ७३५४७
	घरपरिवार संख्या - १३५५८
	जनघनत्व - ४६५.६७ जना प्रति वर्गकिलोमिटर
	लैङ्गिक अनुपात - १०७.५५
आर्थिक	***प्रमुख पेशा*** - कृषि तथा पशुपालन
	उत्पादन (क्विन्टल) - खाद्यान्न : १७८५६९ फलफूल : ३२४ तरकारी : ४५७३ दलहन : १६१८५
	वार्षिक पशुजन्य उत्पादन: - दूध/घिउ: १६४३१ लिटर प्रति दिन मासु: १०८५४९ केजी
	आफ्नो उत्पादनले वर्ष भरी खानपुग्ने परिवार (प्रतिशत) - २९.४४
	उद्योग- ८० ***सहकारी***- ४८ ***व्यवसायीक फर्म***- ९५ ***वाणिज्य बैंक*** - ९ ***विकास बैंक***- ६ ***पर्यटकीय क्षेत्र***- १७
सामाजिक	***शैक्षिक संस्था संख्या*** - बाल विकास केन्द्र: ५९ सामुदायिक : ५० मदरसा: १२ संस्थागत २४ क्याम्पस: २
	साक्षरता दर - महिला : ६८.८ पुरुष : ८१.१७ जम्मा: ७५.२३
	स्वास्थ्य संस्था संख्या - सामुदायिक अस्पताल: १ स्वास्थ्य चौकी: ८ शहरी/सामुदायिक स्वास्थ्य केन्द्र: २:
	प्रमुख रोगव्याधी - ग्यास्टीक/अल्सर
	आयोडिनयुक्त नुन प्रयोग गर्ने (%) - १००
	शौचालयको उपयोग (%) - फ्लस भएको: ४४.७६ साधारण: ४७.७९ नभएको: ११.०२
	प्रमख धार्मिक सम्पदा - *मन्दिर: १६६ मस्जिद: २८*
भौतिक	***सडक (किमी)*** - *आरसीसी र कालोपत्रे: ०.४* कालोपत्रे: ४९.७ कालोपत्रे र ग्राभेल: ७५ कालोपत्रे र कच्ची: .७.५ ग्राभेल: १३१.४ ग्राभेल र कच्ची: ११.४ कच्ची: ७८.९ स्तरोन्नती: १.८
	खाना पकाउने उर्जा (%) - दाउरा: ६७.०३ एलपि ग्याँस: २७.५३ गुइँठा: ०.१८ बायो ग्याँस: ५.१९ विद्युत: ०.०६ अन्य: ०.०१
	बत्ती बाल्ने ऊर्जा उपयोग (%) - विद्युत: ९८.८८ सोलार: १.१२
	मोवाईल सेवामा पहुँचको अवस्था (%) : ४४.०६
	घरको प्रकार (%) : जगको आधारमा: माटो/ढुङ्गा: २०.०४ सिमेन्ट/ढुङ्गा: ६४.९३ फ्रेम स्ट्रक्चर: ०.३३ लोड वेयरिङ्ग: ०.०१ काठको खम्बा: १४.६९
वातावरण र विपद्	***जलश्रोत :*** नदी तथा खोला : १९ ताल तथा पोखरी: २७ सिमसार क्षेत्र: २
	विपद्बाट क्षति (रु. हजारमा) : *९१२५६०००/-* ***विपद् ग्रस्त क्षेत्र:*** ४२
संस्थागत	***नगरपालिका कार्यालय*** - स्थान : चन्द्रौटा जनशक्ति: ७३ सम्पर्क नं. : ०७६-५४०११८
	वडा संख्या : ११
	क्रियाशील अ/गैसस वा कार्यक्रम : १८

विषय सूची

परिच्छेद १: परिचय १
१.१ पृष्ठभूमि १
१.२ उद्देश्य २
१.३ कानूनी तथा नीतिगत आधार २
१.४ तयारी चरण, विधि तथा प्रकृया ३
१.४.१ नगर वस्तुस्थिति विवरण तयारीको ढाँचा, सर्भेक्षण औजार तथा विधि र प्रक्रिया स्वीकृत ३
१.४.२ वस्तुस्थिति विवरण तयारी गोष्ठी ३
१.४.३ तथ्याङ्क संकलन ४
१.४.४ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र श्रोत नक्शा तयारी ४
१.४.५ वस्तुस्थिति विवरणको मस्यौदा तयारी ५
१.४.६ वस्तुस्थिति विवरण प्रमाणीकरण कार्यशाला ५
१.४.७ नगर वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी ५
१.५ वस्तुस्थिति विवरणको सीमा ५
परिच्छेद २: नगरपालिकाको चिनारी ६
२.१ भौगोलिक अवस्थिति ६
२.२ ऐतिहासिक चिनारी तथा नामाकरण ६
२.३ राजनीतिक अवस्थिति ६
२.४ धरातलीय अवस्था ७
२.५ प्राकृतिक सम्पदा तथा हावापानी ७
२.६ साँस्कृतिक उत्कृष्टता ९
२.७ मानव विकास सूचकाङ्क तथा गरिबी ९
परिच्छेद ३: जनसंख्याको अवस्था १०
३.१ वस्तीको विवरण १०
३.२ जनसंख्या वितरणको अवस्था १०
३.३ जनघनत्वको अवस्था ११
३.४ उमेर तथा लिङ्गका आधारमा जनसंख्या विवरण १२
३.५ मातृभाषाको आधारमा जनसंख्या विवरण १२
३.६ धर्म अनुसार जनसंख्या विवरण १३
३.७ जातिगत आधारमा घरपरिवार विवरण १३
३.८ जातजातिगत आधारमा जनसंख्या विवरण १४
३.९ अपाङ्गताको आधारमा जनसंख्या १५
३.१० बसोवासको अवस्थासम्वन्धी विवरण १५
३.११ बसोवासको प्रकृति सम्वन्धी विवरण १६
३.१२ वैवाहिक स्थिति १६
३.१३ व्यक्तिगत घटना विवरण (२०७५ चैत्र मसान्त सम्म दर्ता भएका विवरण अनुसार) १७
३.१४ जन्म दर्ताको अवस्था १७
परिच्छेद ४: आर्थिक अवस्था २०
४.१ प्रमुख आर्थिक क्षेत्र २०
४.१.१ प्रमुख पेशा अनुसार जनसंख्या २०
४.१.२ बेरोजगार जनसंख्या तथा कारण २०
४.१.३ प्राविधिक तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण २१
४.१.४ वैदेशिक रोजगारमा गएकाहरूको विवरण २१
४.१.५ सुकुम्वासी सम्वन्धी विवरण २२
४.२ कृषि तथा पशु विकास २२
४.२.१ सिंचाई सुविधा सम्वन्धी विवरण २३

४.२.२ कृषि कार्यमा उपयोग भएको जग्गा र स्वामित्व सम्वन्धी विवरण २४
४.२.३ खेत, वारी र बोझो जमिन २५
४.२.४ अन्न, दलहन र तेलहन बाली उत्पादन र विक्री सम्वन्धी विवरण २५
४.२.५ फलफुल, तरकारी र नगदेवाली उत्पादन सम्वन्धी विवरण २६
४.२.६ माछापालन तथा मौरी पालनसम्वन्धी विवरण २६
४.२.७ पशुपालन गर्ने घरपरिवार विवरण २७
४.२.८ पशुपालन तथा दुधजन्य उत्पादनको अवस्था २७
४.२.९ मासुजन्य तथा श्रमजन्य पशुपालनको अवस्था २८
४.२.१० पशुजन्य उत्पादन विक्री गर्ने घरपरिवार संख्या २९
४.२.११ खाद्यान्न आत्मनिर्भरताको अवस्था २९
४.२.१२ कृषि तथा पशुसेवासँग सम्वन्धी मानव संसाधन ३०
४.२.१३ कृषिजन्य वस्तु तथा पशुपन्छीमा लाग्ने रोग तथा कीरा ३०
४.२.१४ आधुनिक कृषि तथा पशुपालन फर्म सम्वन्धी विवरण ३१
४.२.१५ कृषि तथा पशु सेवासाग सम्वन्धीत सामुदायिक संस्था तथा समूहको विवरण ३१
४.२.१६ सार्जजनिक पोखरी तथा माछापालन सम्वन्धी विवरण ३२
४.२.१७ चरण क्षेत्र ३३
४.३ उद्योग तथा व्यवसाय ३३
४.३.१ मिल, संकलन तथा प्रसोधन सम्वन्धी विवरण ३३
४.३.२ उत्पादन तथा सेवामूलक उद्योग सम्वन्धी विवरण ३४
४.३.३ व्यापार र व्यवसाय सम्वन्धी विवरण ३४
४.३.४ दर्ता भएका व्यापार व्यवसाय सम्वन्धी विवरण ३५
४.३.५ औद्योगिक कच्चा पदार्थ उत्पादन विवरण ३६
४.४ पर्यटन विकास ३६
४.४.१ पर्यटकीय स्थलहरूको विवरण ३६
४.४.२ होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्वन्धी विवरण ३७
४.५ बजार तथा हाट बजार सम्वन्धी विवरण ३८
४.६ बजारसागको पेहचको अवस्था ३९
४.७ बैंक तथा वित्तिय संस्था सम्वन्धी विवरण ३९
४.८ सहकारी सम्वन्धी विवरण ४१
४.९ खनिज तथा खानी सम्वन्धी विवरण ४१
४.१० आयात तथा निर्यातको अवस्था ४१
४.११ व्यवसायीक सीपमूलक तालिम ४२
४.११.१ व्यवसायीक सीपमूलक तालिम लिने घरपरिवारको विवरण ४२
४.११.२ व्यवसायीक सीपमूलक तालिम लिनेहरूको विवरण ४३
४.१२ बैंङ्क तथा वित्तिय संस्थामा खाता हुने घरपरिवार ४४
४.१३ पारिवारिक खर्च तथा आम्दानी ४४
४.१३.१ सरदर वार्षिक पारिवारिक आम्दानी विवरण ४४
४.१३.२ सरदर वार्षिक पारिवारिक खर्चको विवरण ४५
४.१३.३ शिर्षक अनुसार वार्षिक आम्दानीको विवरण ४५
४.१३.४ शिर्षकअनुसार वार्षिक खर्च विवरण ४६
४.१३.५ ऋण लिने घरपरिवार विवरण ४७
४.१४ सार्वजनिक जग्गाको विवरण ४७
परिच्छेद ५: सामाजिक अवस्था ५०
५.१ शैक्षिक तथा मानव संशाधन विकास ५०
५.१.१ साक्षरताको अवस्था ५०
५.१.२ शैक्षिकस्तर अनुसार जनसंख्या विवरण ५०
५.१.३ शैक्षिक संस्था सम्वन्धी विवरण ५१
५.१.४ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण ५१

५.१.५ विद्यालयको भौतिक अवस्था ५२
५.१.६ शिक्षक विवरण ५२
५.१.७ भर्ना दर, निरन्तरता दर र सिकाई उपलब्धी दर ५३
५.१.८ आधारभूत शिक्षा पुरा गर्ने विद्यार्थी ५३
५.१.९ छात्रवृत्ति तथा दिवा खाजा पाउने विद्यार्थी विवरण ५३
५.१.१० शैक्षिक गुणस्तरसँग सम्वन्धित विशेष व्यवस्था ५४
५.१.११ बालमैत्री शिक्षा सम्वन्धी व्यवस्था ५४
५.१.१२ छात्रवृत्ति तथा लक्षित सुविधाको विवरण ५४
५.१.१३ बाल विकास केन्द्रको अवस्था ५५
५.१.१४ बाल विकास केन्द्रमा बालबालिका तथा सुविधाको अवस्था ५५
५.१.१५ विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण ५५
५.१.१६ आधारभूत विद्यालयमा पहुँचको अवस्था ५५
५.१.१७ क्याम्पस, मावि १२ कक्षा, प्राविधिक र अप्राविधिक विद्यालय सम्वन्धी विवरण ५६
५.१.१८ प्राविधिक धारमा सिटिईभिटीको सम्वन्धन प्राप्त शैक्षिक संस्थाको विवरण ५७
५.२ स्वास्थ्य तथा पोषण ५९
५.२.१ स्वास्थ्य संस्था तथा सेवासम्वन्धी विवरण ५९
५.२.२. स्वास्थ्य संस्थामा उपलब्ध अन्य स्वास्थ्य सेवा विवरण ५९
५.२.३ स्वास्थ्य संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ६०
५.२.४ स्वास्थ्य सेवामा पहुँचको अवस्था ६०
५.२.५ मृत्यु हुने कारण सम्वन्धी विवरण ६१
५.२.६ खोप तथा पोषण सम्वन्धी विवरण ६२
५.२.७ सुरक्षित मातृत्व सम्वन्धी विवरण ६२
५.२.८ मातृशिशु सुरक्षा र परिवार नियोजनको अवस्था ६३
५.२.९ पहिलो स्वास्थ्य परामर्श लिने सम्वन्धी विवरण ६३
५.२.१० नगरपालिका भित्र देखा परेका प्रमुख रोगहरू र तिनको उपचार सम्वन्धी विवरण ६४
५.२.११ परिवारका सदस्यहरूको स्वास्थ्य अवस्था ६५
५.२.१२ जीवन विमा सम्वन्धी विवरण ६५
५.२.१३ नून प्रयोग सम्वन्धी विवरण ६६
५.२.१४ परिवार नियोजनका साधन प्रयोग ६६
५.३ खानेपानी तथा सरसफाई ६७
५.३.१ खानेपानीको श्रोतको आधारमा घरपरिवार ६७
५.३.२ शौचालय प्रयोगको अवस्था ६८
५.३.३ सार्वजनिक शौचालय तथा ढल सम्वन्धी विवरण ६९
५.४ महिला, वालवालिका तथा सामाजिक समावेशिकरण ६९
५.४.१ बाल क्लवको विवरण ६९
५.४.२ बाल विवाहको अवस्था ६९
५.४.३ बालश्रमको अवस्था ७०
५.४.४ सामाजिक सुरक्षा वृत्तीको अवस्था ७१
५.४.५ लक्षित वर्ग संजाल तथा संस्थाको विवरण ७२
५.४.६ घरेलु, लैंगिक तथा मानव बेचविखनका घटना विवरण ७२
५.४.७ लोपउन्मुख जातीको विवरण ७२
५.५ युवा तथा खेलकुद र मनोरञ्जन ७३
५.५.१ व्यावसायिक खेलाडीको विवरण ७३
५.५.२ युवा क्लव सम्वन्धी विवरण ७३
५.५.३ युवा सिर्जनशिलता, उद्यमशिलता र परिचालन विवरण ७५
५.५.४ खेल मैदान, पार्क, पिकनिक तथा मनोरञ्जन स्थल सम्वन्धी विवरण ७५
५.६ कला, भाषा तथा संस्कृति ७६
५.६.१ स्थानीय चाडपर्व, जात्रा र मेला ७६

५.६.२ धार्मिक तथा साास्कृतिक स्थलको विवरण ७७
परिच्छेद ६: वन तथा वातावरणीय स्थिति ७९
६.१ सामुदायिक वन सम्वन्धी विवरण ७९
६.२ जैविक विविधता सम्वन्धी विवरण ८०
६.३ जलश्रोत सम्वन्धी विवरण ८०
६.४ ताल तथा पोखरी सम्वन्धी विवरण ८१
६.५ विपद् जोखिम तथा व्यवस्थाप ८२
६.५.१ विपद्को प्रभाव ८२
६.५.२ जोखिमयुक्त क्षेत्रको विवरण ८३
६.५.३ जोखिमयुक्त (संवेदनशिल) स्थानमा बसोवास गरेका परिवार विवरण ८४
६.५.४ विपदवाट भएको भौतिक क्षती ८५
६.५.५ विपद्वाट मानविय क्षती ८६
६.५.६ विपदवाट क्षति सार्वजनिक संरचना तथा पूर्वाधार ८६
६.५.७ विपदको किसिम अनुसार जोखिमको समय ८७
६.५.८ संरक्षित जमीन र भौतिक संरचना ८७
६.५.९ आपतकालिन सेवा प्रदायक निकाय वा संस्था सम्वन्धी विवरण ८८
परिच्छेद ७: भौतिक विकासको अवस्था ८९
७.१ यातायात पूर्वाधार ८९
७.१.१ सडक मार्ग/सञ्जालको विद्यमान अवस्था ८९
७.१.२ पैदल मार्ग ८९
७.१.३ पुल तथा पुलेसा ९०
७.१.४ सवारी रूट विवरण ९२
७.१.५ सडक सुविधामा पहुंचको अवस्था ९२
७.१.६ नगर क्षेत्र भित्र चल्ने सवारी साधन ९५
७.२ विद्युत तथा उर्जा ९६
७.२.१ खाना पकाउन प्रयोग गर्ने इन्धनको विवरण ९६
७.२.२ वत्ती वाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार ९७
७.३ सञ्चार तथा प्रविधि ९७
७.३.१ आधुनिक सुविधामा पहुँच सम्वन्धी विवरण ९८
७.३.२ हुलाक, पत्रपत्रिका, दूरसञ्चार र रेडियो स्टेशन सम्वन्धी विवरण ९८
७.४ आवास तथा भवन ९९
७.४.१ घरको जगको आधारमा घरपरिवार ९९
७.४.२ छानोको प्रकारका आधारमा घरपरिवार १००
७.४.३ आवासिय स्वमित्वका आधारमा घर परिवार विवरण १००
७.४.४ घर संख्याका आधारमा घरपरिवार १०१
७.४.५ भवन मापदण्ड तथा भुकम्प प्रतिरोधी घरको विवरण १०१
७.५ सरकारी भवन १०२
७.६ सार्वजनिक तथा सामुदायिक भवन १०३
७.७ शवदाहस्थल तथा समाधिस्थल सम्वन्धी विवरण १०४
७.८ सुरक्षा निकाय सम्वन्धी विवरण १०५
परिच्छेद ८: संस्थागत तथा सुशासनको स्थिति १०७
८.१ संगठनात्मक तथा मानव संशाधनको अवस्था १०७
८.१.१ नगरपालिकाको संगठनात्मक ढाँचा १०७
८.१.२ नगरपालिकाको आय विवरण १०७
८.१.३ नगरपालिकमा विद्यमान जनशक्ति विवरण १०८
८.१.४ नगरपालिका विषयगत शाखा तथा मानव संसाधन ११०
८.१.५ नगरपालिका स्थित संघीय तथा प्रदेश कार्यालय तथा निकायहरू ११२
८.१.६ नगरपालिकाको अचल सम्पत्ति विवरण ११४

८.१.७ न्यायीक समितिको विवरण ११४
८.१.८ नगरपालिका स्वीकृत ऐन, नीति, नियम, निर्देशिका तथा मापदण्डहरू....११४
८.१.९ नगर सभा तथा कार्यपालिकाका पदाधिकारीको विवरण....११५
८.२ संघ/संस्था सम्वन्धी विवरण ११९
८.२.१ सामुदायिक संस्था विवरण....११९
८.२.२ आमा महिला समूह तथा परम्परागत समूहको विवरण....११९
८.२.३ कृषि तथा उद्यमी र बचत समूहको विवरण ११९
८.२.४ आर्थिक तथा व्यवसायिक विकासमा संलग्न संघसंस्थाप्रतिष्ठान....१२०
८.२.५ गैर सरकारी संस्था सम्वन्धी विवरण १२०
८.२.६ नागरिक सचेतना केन्द्र र टोल विकास संस्थाको विवरण १२२
८.२.७ सामुदायिक मेलमिलापकर्ता सम्वन्धी विवरण....१२२
अनुसूची – १: तथ्याङ्क संकलन फारम....१२४
अनुसूची १ (क): घरपरिवार सर्वेक्षण फारम १२४
अनुसूची १ (ख): संस्थागत सर्वेक्षण तथा सहभागितामुलक छलफल फारम १३०
अनुसूची–२: नगर सभा सदस्यहरूको विवरण....१७१
अनुसूची–३: वस्तुस्थिति विवरण तयारी कार्यदल....१७३
अनुसूची–४: आधुनिक कृषि तथा पशुपालन फर्म सम्वन्धी विवरण....१७४
अनुसूची–५: उत्पादन तथा सेवामूलक उद्योग सम्वन्धी विवरण....१७८
अनुसूची–६: व्यापार तथा व्यवसायसम्वन्धी विवरण १८३
अनुसूची-७: सहकारी संस्थाको विवरण....२३७
अनुसूची-८: शैक्षिक संस्था सम्वन्धी विवरण २३९
अनुसूची–९: विद्यालयमा अध्ययन गरी रहेका तहगत छात्रछात्रा विवरण....२४३
अनुसूची–१०: विद्यालयको भौतिक अवस्था....२४८
अनुसूची–११: शिक्षक सम्वन्धी विवरण....२५२
अनुसूची–१२: भर्ना दर, निरन्तरता दर, सिकाई उपलब्धी दर र उतिर्ण दर....२५६
अनुसूची–१३: आधारभूत तह पुरा गर्ने विद्यार्थी विवरण....२६१
अनुसूची–१४: छात्रवृत्ति तथा अन्य सुविधा पाउने विद्यार्थी विवरण २६४
अनुसूची–१५: शैक्षिक गुणस्तर सम्वन्धी विवरण....२६७
अनुसूची–१६: बालमैत्री शिक्षा सम्वन्धी व्यवस्था....२७०
अनुसूची–१७: छात्रवृत्ति तथा लक्षित सुविधाको विवरण....२७३
अनुसूची–१८: बाल विकास केन्द्रको अवस्था २७८
अनुसूची–१९: बाल विकास केन्द्रमा बालबालिका तथा सुविधाको अवस्था....२८२
अनुसूची–२०: विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण....२८५
अनुसूची–२१: बाल क्लवसक्वन्धी विवरण २८७
अनुसूची–२२: धार्मिक तथा साास्कृतिक क्षेत्रसम्वन्धी विवरण २८९
अनुसूची–२३: सडक मार्ग सम्वन्धी विवरण....२९४
अनुसूची–२४: आमा महिला समूह तथा परम्परागत समूहको विवरण....२९९
अनुसूची–२५: कृषि, उद्यमी तथा बचत समूहको विवरण ३०५
सन्दर्भ सामाग्री....३१५

तालिका सूची

तालिका १: नगरपालिकाको वडा तथा क्षेत्रफल विवरण....६
तालिका २: भूउपयोगको अवस्था....७
तालिका ३: बस्तीको वडागत विवरण....१०
तालिका ४: जनसंख्या वितरणको अवस्था....११
तालिका ५: जनघनत्वको अवस्था....११
तालिका ६: उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण....१२
तालिका ७: मातृभाषाको आधारमा जनसंख्या विवरण....१२
तालिका ८: धर्म अनुसार जनसंख्या विवरण....१३
तालिका ९: जातिगत आधारमा घरपरिवार विवरण....१३
तालिका १०: जातिगत आधारमा घरपरिवार र जनसंख्या विवरण....१४
तालिका ११: अपांगताको आधारमा जनसंख्या....१५
तालिका १२: बसोबासको आधारमा जनसंख्या विवरण....१५
तालिका १३: बसोबासको प्रकृति सम्बन्धी विवरण....१६
तालिका १४: बैवाहिक स्थिति....१६
तालिका १५: व्यक्तिगत घटना विवरण....१७
तालिका १६: जन्म दर्ताको अवस्था....१८
तालिका १७: प्रमुख पेशा अनुसार जनसंख्या....२०
तालिका १८: प्रमुख पेशा अनुसार जनसंख्या....२०
तालिका १९: प्राविधिक तथा विशेष दक्षता भएका मानव संसाधनको विवरण....२१
तालिका २०: बैदेशिक रोजगारमा गएकाहरूको विवरण....२२
तालिका २१: सुकुम्बासी सम्बन्धी विवरण....२२
तालिका २२: सिंचाइ सुविधा सम्बन्धी विवरण....२३
तालिका २३: कृषि कार्यमा उपयोग भएको जग्गा र स्वामित्व सम्बन्धी विवरण....२४
तालिका २४: खेत, वारी र बोभो जमिनसम्बन्धी विवरण....२५
तालिका २५: अन्न, दलहन र तेलहन बाली उत्पादन र बिक्री सम्बन्धी विवरण....२५
तालिका २६: फलफुल, तरकारी र नगदेबाली उत्पादन सम्बन्धी विवरण....२६
तालिका २७: माछापालन र मौरी पालनको अवस्था....२६
तालिका २८: पशुपालन गर्ने घरपरिवारसम्बन्धी विवरण....२७
तालिका २९: पशुपालन तथा दुधजन्य उत्पादनको अवस्था....२८
तालिका ३०: मासुजन्य तथा श्रमजन्य पशुपालनको अवस्था....२८
तालिका ३१: पशुजन्य उत्पादन बिक्री गर्ने घरपरिवार....२९
तालिका ३२: खाद्यान्न उपलब्धताको अवस्था....२९
तालिका ३३: कृषि तथा पशुसेवासँग सम्बन्धीत मानव संसाधन....३०
तालिका ३४: कृषि तथा पशुजन्य उपजमा लाग्ने रोग तथा कीरा....३०
तालिका ३५: कृषि तथा पशु सेवासँग सम्बन्धीत सामुदायिक संस्था तथा समूहको विवरण....३१
तालिका ३६: सार्वजनिक पोखरी तथा माछापालन सम्बन्धी विवरण....३२
तालिका ३७: चरण क्षेत्रसम्बन्धी विवरण....३३
तालिका ३८: मिल, संकलन तथा प्रसोधन सम्बन्धी विवरण....३३
तालिका ३९: व्यापार तथा व्यवसाय सम्बन्धी विवरण....३४
तालिका ४०: दर्ता भएका व्यापार व्यवसाय सम्बन्धी विवरण....३५
तालिका ४१: औद्योगिक कच्चा पदार्थ उत्पादन विवरण....३६
तालिका ४२: पर्यटकीय स्थलहरूको विवरण....३६
तालिका ४३: होटल, रिसोर्ट तथा रेष्टुरेन्ट सम्बन्धी विवरण....३७
तालिका ४४: बजार तथा हाट बजार सम्बन्धी विवरण....३८
तालिका ४५: बजारसेगको पेहचको अवस्था....३९
तालिका ४६: बैंक तथा वित्तिय संस्था सम्बन्धी विवरण....४०

तालिका ४७: खनिज तथा खानी सम्वन्धी विवरण ४१
तालिका ४८: आयात तथा निर्यातको अवस्था ४१
तालिका ४९: व्यवसायीक सीपमूलक तालिम लिने घरपरिवारको विवरण ४२
तालिका ५०: व्यवसायीक सीपमूलक तालिम लिनेहरूको विवरण ४३
तालिका ५१: बैंङ्क तथा वित्तिय संस्थामा खाता हुने घरपरिवार विवरण ४४
तालिका ५२: सरदर वार्षिक पारिवारिक आम्दानीको विवरण ४४
तालिका ५३: सरदर वार्षिक खर्चको विवरण ४५
तालिका ५४: शिर्षकअनुसार वार्षिक आम्दानीको विवरण ४६
तालिका ५५: शिर्षकअनुसार वार्षिक खर्चको विवरण ४६
तालिका ५६: ऋृण लिने घरपरिवार विवरण ४७
तालिका ५७: सार्वजनिक जग्गाको विवरण ४७
तालिका ५८: साक्षरताको अवस्था ५०
तालिका ५९: शैक्षिकस्तर अनुसार जनसंख्या विवरण ५०
तालिका ६०: शैक्षिक संस्था सम्वन्धी विवरण ५१
तालिका ६१: विद्यालयमा अध्ययन गरीरहेका तहगत छात्रछात्राको विवरण ५२
तालिका ६२: विद्यालयको भौतिक अवस्था ५२
तालिका ६३: शिक्षक विवरण ५२
तालिका ६४: भर्ना दर, निरन्तरता दर र सिकाई उपलब्धी दर ५३
तालिका ६५: आधारभूत शिक्षा पुरा गर्ने विद्यार्थी ५३
तालिका ६६: छात्रवृत्ति तथा दिवा खाजा पाउने विद्यार्थी विवरण ५४
तालिका ६७: छात्रवृत्ति तथा लक्षित सुविधाको विवरण ५४
तालिका ६८: बाल विकास केन्द्रको अवस्था ५५
तालिका ६९: बाल विकास केन्द्रमा बालबालिका तथा सुविधाको अवस्था ५५
तालिका ७०: आधारभूत विद्यालयमा पहुँचको अवस्था ५६
तालिका ७१: शिक्षक विवरण क्याम्पस, प्राविधिक र अप्राविधिक विद्यालय सम्वन्धी विवरण ५६
तालिका ७२: प्राविधिक धारमा सिटिईभिटीको सम्वन्धन प्राप्त शैक्षिक संस्थाको विवरण ५७
तालिका ७३: स्वास्थ्य संस्था तथा सेवा सम्वन्धी विवरण ५९
तालिका ७४: स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सेवा विवरण ६०
तालिका ७५: स्वास्थ्य संस्थामा उपलब्ध जनशक्ति विवरण ६०
तालिका ७६: प्राथमिक स्वास्थ्य सेवामा पहुँचको अवस्था ६१
तालिका ७७: मृत्यु हुने कारण सम्वन्धी विवरण ६१
तालिका ७८: खोप तथा पोषण सम्वन्धी विवरण ६२
तालिका ७९: सुरक्षित मातृत्व सम्वन्धी विवरण ६२
तालिका ८०: मातृशिशु सुरक्षा र परिवार नियोजनको अवस्था ६३
तालिका ८१: पहिलो स्वास्थ्य परामर्श लिने सम्वन्धी विवरण ६४
तालिका ८२: नगरपालिका भित्र देखा परेका प्रमुख रोगहरू र तिनको उपचार सम्वन्धी विवरण ६४
तालिका ८३: परिवारका सदस्यहरूको स्वास्थ्य अवस्था ६५
तालिका ८४: जीवन विमा सम्वन्धी विवरण ६५
तालिका ८५: परिवार नियोजनका साधन प्रयोग गर्ने घरपरिवार विवरण ६६
तालिका ८६: खानेपानीको श्रोतको आधारमा घरपरिवार ६८
तालिका ८७: शौचालय प्रयोगको अवस्था ६८
तालिका ८८: सार्वजनिक शौचालय तथा ढल सम्वन्धी विवरण ६९
तालिका ८९: बाल क्लबको विवरण ६९
तालिका ९०: बाल विवाहको अवस्था ७०
तालिका ९१: बाल श्रमको अवस्था ७०
तालिका ९२: सामाजिक सुरक्षा वृत्तीको अवस्था ७१
तालिका ९३: लक्षित वर्ग सञ्जाल तथा संस्थाको विवरण ७२
तालिका ९४: घरेलु तथा मानव बेचविखनका घटनाको विवरण ७२

तालिका ९५: व्यवसायिक खेलाडीको विवरण....७३
तालिका ९६: युवा क्लब सम्वन्धी विवरण....७३
तालिका ९७: युवा सिर्जनशिलता, उद्यमशिलता र परिचालन विवरण....७५
तालिका ९८: खेलमैदान, पार्क, पिकनिक तथा मनोरञ्जन स्थल सम्वन्धी विवरण....७५
तालिका ९९: स्थानीय चाडपर्व, जात्रा र मेला....७६
तालिका १००: वन सम्वन्धी विवरण....७९
तालिका १०१: जैविक विविधता सम्वन्धी विवरण....८०
तालिका १०२: जलश्रोत सम्वन्धी विवरण....८०
तालिका १०३: ताल तथा पोखरी सम्वन्धी विवरण....८१
तालिका १०४: विपद्को प्रभाव....८३
तालिका १०५: विपद् ग्रस्त क्षेत्रको विवरण....८३
तालिका १०६: जोखिमयुक्त (संवेदनशिल) स्थानमा बसोबास गरेका परिवार विवरण....८४
तालिका १०७: विपदबाट भएको भौतिक क्षती....८५
तालिका १०८: विपदबाट मानविय क्षती....८६
तालिका १०९: विपदको किसिम अनुसार जोखिमको समय....८७
तालिका ११०: विपदको किसिम अनुसार जोखिमको समय....८७
तालिका १११: संरक्षित जमिन र भौतिक संरचना....८८
तालिका ११२: आपतकालिन सेवा प्रदायक निकाय वा संस्था सम्वन्धी विवरण....८८
तालिका ११३: सडक सञ्जालको विद्यमान अवस्था....८९
तालिका ११४: पैदल मार्ग....८९
तालिका ११५: पुल तथा पुलेसा....९०
तालिका ११६: नगर क्षेत्र भित्र चल्ने सवारी साधन....९२
तालिका ११७: सडक सुविधामा पहुंचको अवस्था....९३
तालिका ११८: नगर क्षेत्र भित्र चल्ने सवारी साधन....९५
तालिका ११९: खाना पकाउने प्रयोग गर्ने इन्धनको विवरण....९६
तालिका १२०: बत्ती बाल्ने इन्धनको प्रयोगको आधारमा घरपरिवार....९७
तालिका १२१: आधुनिक सुविधामा पहुँच सम्वन्धी विवरण....९८
तालिका १२२: हुलाक, पत्रपत्रिका, दूरसञ्चार र रेडियो स्टेशन सम्वन्धी विवरण....९८
तालिका १२३: घरको जगको आधारमा घरपरिवार....९९
तालिका १२४: छानोको प्रकारका आधारमा घरपरिवार....१००
तालिका १२५: आवासिय स्वामित्वका आधारमा घरपरिवार विवरण....१००
तालिका १२६: घर संख्याका आधारमा घरपरिवार....१०१
तालिका १२७: भवन मापदण्ड तथा भुकम्प प्रतिरोधी घरको विवरण....१०२
तालिका १२८: सरकारी भवन सम्वधी विवरण....१०२
तालिका १२९: सार्वजनिक तथा सामुदायिक भवन सम्वधी विवरण....१०३
तालिका १३०: शवदाहस्थल तथा समाधिस्थल सम्वन्धी विवरण....१०४
तालिका १३१: सुरक्षा निकाय सम्वन्धी विवरण....१०५
तालिका १३२: नगरपालिकाको आय विवरण....१०७
तालिका १३३: नगरपालिका विद्यमान जनशक्ति विवरण....१०८
तालिका १३४: नगरपालिका विषयगत शाखा तथा मानव संसाधन विवरण....११०
तालिका १३५: नगरपालिका स्थित संघीय तथा प्रदेश कार्यालय तथा निकायहरूको विवरण....११२
तालिका १३६: नगरपालिकाका अचल सम्पति विवरण....११४
तालिका १३७: न्यायीक समितिको विवरण....११४
तालिका १३८: नगर कार्यपालिकाका पदाधिकारीको विवरण....११५
तालिका १३९: सामुदयिक संस्था विवरण....११९
तालिका १४०: आमा महिला समूह तथा परम्परागत समूहको विवरण....११९
तालिका १४१: कृषि तथा उद्यमी र वचत समूहको विवरण....१२०
तालिका १४२: आर्थिक तथा व्यवसायिक विकासमा संलग्न संघसंस्थाप्रतिष्ठान....१२०

तालिका १४३: गैर सरकारी संस्था सम्वन्धी विवरण १२०
तालिका १४४: नागरिक सचेतना केन्द्र र टोल विकास संस्थाको विवरण १२२
तालिका १४५: मेलमिलापकर्ता सम्वन्धी विवरण १२२

श्रोत नक्शा सूची

श्रोत नक्शा नं. १: भूउपयोगको अवस्था ८
श्रोत नक्शा . २: वस्ती तथा टोलको अवस्थिती १९
श्रोत नक्शा नं. ३: आर्थिक तथा व्यवसायिक केन्द्र ४९
श्रोत नक्शा नं. ४: शौक्षिक संस्था ५८
श्रोत नक्शा नं. ५: स्वास्थ्य संस्थाहरू ६७
श्रोत नक्शा नं. ६: धार्मिक स्थल ७८
श्रोत नक्शा नं. ७: जलश्रोत तथा जलप्रवाह ८२
श्रोत नक्शा नं. ८: विद्यमान सडक सञ्जाल ९४
श्रोत नक्शा नं. ९: सुरक्षा निकायहरू १०६
श्रोत नक्शा नं. १०: नगरपालिका मातहतका वडा कार्यालयहरू ११७
श्रोत नक्शा नं. ११: नगरपालिकामा अवस्थित सरकारी कार्यालयहरू ११८

परिच्छेद १: परिचय

यस परिच्छेद अन्तरगत नगर वस्तुस्थिति विवरण वा पार्श्वचित्र तयारीको पृष्ठभूमि, उदेश्य, कानूनी तथा नीतिगत आधार, चरण, प्रकृया तथा ढाँचा र सिमालाई प्रस्तुत गरिएको छ ।

१.१ पृष्ठभूमि

संविधानतः राज्यको मूल संरचनाका रुपमा सङ्घ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम नेपाली जनतामा निहित सार्वभौमसत्ता र नेपालको राजकीय शक्तिको प्रयोग गर्ने व्यवस्था रहेको छ । स्थानीय तह अन्तरगत रहेका गाउँपालिका तथा नगरपालिकाले जनताको सबैभन्दा नजिकको सरकारका रुपमा शासन सञ्चालन गर्दछन् । तथापि, तीन वटै तहबीचको सम्बन्ध सहकारीता, समन्वय र सहअस्थित्वको सिद्धान्तका आधारमा हुने संवैधानिक व्यवस्था रहेको छ । सबै तहमा कानूनी तथा संस्थागत संरचना तयारीसँगै नव गठीत स्थानीय सरकारका गतिविधिहरु पनि परिपक्कता तर्फ अग्रसर भई रहेका छन् । संघीय गणतन्त्रात्मक शासन व्यवस्थाको नविनतम अभ्यास र सिमित मानविय तथा आर्थिक श्रोतका बावजुद स्थानीय सरकारका गतिविधिहरु जनअपेक्षाको सम्बोधन गर्न अग्रसर रहेका छन् ।

संवैधानिक व्यवस्था अनुसार स्थानीय सरकारका रुपमा गाउँपालिका वा नगरपालिकालाई स्थानीय तहको अधिकार तथा कार्य विस्तृतीकरण प्रतिवेदन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायतका संघीय कानूनले स्थानीय तथ्याङ्क संकलन तथा व्यवस्थापन, स्थानीय तहको बजेट तथा योजना तर्जुमा, सेवा प्रवाह, राजश्व संकलन जस्ता जिम्मेवारी सम्बन्धमा स्पष्ट पारेको छ । उपरोक्त जिम्मेवारीलाई पुरा गर्न विकासको वर्तमान अवस्था र सम्भावना/अवसर तथा समस्या/चुनौति सहित समग्र अवस्थाको जानकारी हुन जरुरी हुन्छ । यहि कुरालाई मध्यनजर गर्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले हरेक गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रको वास्तविक अवस्था दर्शाउने वस्तुस्थिति विवरण तयारी गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७४ मा व्यवस्था भए अनुसार वार्षिक बजेट तथा योजना तर्जुमा गर्नु पुर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुस्थिति विवरण तयार वा अद्यावधिक गर्नु पर्ने देखिन्छ । यस सन्दर्भमा सङ्घीय मामीला तथा सामान्य प्रसाशन मन्त्रालयले वस्तुस्थिति विवरण तयारी कार्यमा स्तरीयता र एकरुपता कायम गर्न गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५ तयार गरी सबै स्थानीय तहलाई उपलब्ध गराइ सकेको छ ।

वस्तुस्थिति विवरण नगरपालिका क्षेत्रको भौगोलिक परिवेश, प्राकृतिक सम्पदा, आर्थिक स्थिति, सामाजिक-साँस्कृतिक अवस्था, जनसंख्या र विकासको स्थिति लगायतका समग्र पक्षलाई झल्काउन तथ्याङ्कलाई व्यवस्थित रुपमा प्रस्तुत गरिएको सूचनाको एकीकृत दस्तावेज हो । स्थानीय सरकारको महत्वपूर्ण जिम्मेवारी र आवश्यकताको रुपमा रहेको वस्तुस्थिति विवरणले संविधान प्रद्धत स्थानीय तहको जिम्मेवारीलाई पुरा गर्न महत्वपुर्ण हुने देखिन्छ । यसरी तयार हुने वस्तुस्थिति विवरणले नगरपालिका क्षेत्रको समग्र क्षेत्रको तथ्याङ्कलाई विषय क्षेत्रगत र वडागतरुपमा खण्डिकृत रुपमा प्रस्तुत गर्दछ । वस्तुस्थिति विवरणले दैनिक कार्य सम्पादन, सेवा प्रवाह, आन्तरिक राजश्व असुली तथा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन/मुल्याङ्कन कार्यमा आवश्यक सूचना उपलब्ध गराउँछ । उपलब्ध कार्यविधि र स्थानीय सरोकारवाला तथा विज्ञहरुको सुझावका आधारमा आधुनिक सूचना प्रविधिसँग आवद्ध गरी वस्तुस्थिति विवरण तयार गरिएको छ । यस वस्तुस्थिति विवरणले आवश्यक सूचना उपलब्ध गराई नगरपालिकाको दैनिक कार्य सम्पादन र विकास निर्माण प्रकृयालाई अझै बढी प्रभावकारी गराउन महत्वपूर्ण हुने देखिन्छ ।

१.२ उद्देश्य

वस्तुस्थिति विवरण तयारीको प्रमुख उद्देश्य स्थानीय तहको आफ्नो अधिकार क्षेत्र भित्रको स्थानीय तथ्याङ्कको संकलन र व्यवस्थापन गरी कार्य सम्पादन गर्न आवश्यक सूचनायुक्त दस्तावेज तयार गर्नु रहेको छ । वस्तुस्थिति विवरण तयारीका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क. भौगोलिक विशिष्टता, प्राकृतिक सम्पदा, जनसांख्यिक संरचना, आर्थिक-सामाजिक स्थिति, भौतिक विकासको अवस्था, वातावरण तथा विपद् र संस्थागत क्षेत्रको यथार्थ स्थिति चित्रण हुने गरी श्रोत नक्शा सहितको नगर क्षेत्रको सूचनाको एकीकृत दस्तावेज तयार गर्ने,

ख. प्राथमिक र द्धितीय श्रोतबाट तथ्याङ्क संकलन र विश्लेषण गरी विषय क्षेत्रगत, लैंगिक, जातिगत र वडागत रुपमा खण्डीकृत सूचनाको विवरण तयार गर्ने

ग. दैनिक सेवा प्रवाह, स्थानीय राजस्वको आधार तथा दर निर्धारण, विकास निर्माण सहित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यका लागि आवश्यक विषयगत र वस्तुगत सूचना उपलब्ध गराउने,

घ. वस्तुस्थिति विवरण तयारी, अद्यावधिक र सार्वजनिक गर्ने कार्यलाई आधुनिक सूचना प्रविधिसँग आवद्ध गरि मुद्रित प्रतिवेदन सहित डिजिटल प्रति वेवसाइट र मोवाइल एपमार्फत सरोकारवाला सबैलाई ससूचित गर्ने

ङ. डिजिटल वस्तुस्थिति विवरणको नियमित अद्यावधिक गर्न संस्थागत क्षमता विकाससँगै आवश्यक आधार तयार गर्ने

१.३ कानूनी तथा नीतिगत आधार

स्थानीय तथ्याङ्क संकलन तथा व्यवस्थापन लगायत वस्तुस्थिति विवरण तयारीसँग सम्बन्धित नेपालको संविधान र संङ्घीय ऐन तथा नीतिहरु यस वस्तुस्थिति विवरण तयारीका कानूनी तथा नीतिगत आधारका रुपमा रहेका छन् । जसलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

क. नेपालको संविधानः नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत सूचीकृत गरिएको छ ।

ख. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदनः प्रतिवेदनमा संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको विस्तृतीकरणले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा रहेको कुरालाई प्रस्टाएकोछ ।

ग. स्थानीय सरकार सञ्चानल ऐन, २०७४: ऐनको दफा ११ को उपदफा २ च, ङ र थ मा गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्र अन्तरगत तथ्यांक संकलन र अद्यावधिक गर्नुपर्ने कुरालाई उल्लेख गरेको छ । जसअन्तर्गत, जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल ग्रार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकांक, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क संकलन र प्रशोधन गरी राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्ध र पार्श्वचित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखनलाई गाउँपालिका वा नगरपालिकाको काम, कर्तव्य र अधिकारको रुपमा प्रस्तुत गरिएको

छ । ऐनको दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत उपदफा २ को खण्ड ख मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने व्यवस्था रहेको छ ।

घ. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४: दिग्दर्शनमा "गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना र बजेट तर्जुमा गर्नुपूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुस्थिति विवरण तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुस्थिति विवरण आफ्नो वेवसाइट मार्फत् सार्वजनिक गर्नु पर्नेछ" भनी प्रष्टाएको छ ।

ङ. गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५: कार्यविधिले आधारभूत तथ्यांक, सूचना वा विवरण संकलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरुमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क संकलनका पद्धति, औजार तथा प्रक्रियाहरु निर्धारण गरी स्तरीय ढाँचामा गाउँ वा नगर वस्तुस्थिति विवरण तयारी गर्न आवश्यक व्यवस्था सहित दिशानिर्देश गरेको छ ।

१.४ तयारी चरण, विधि तथा प्रकृया

वस्तुस्थिति विवरण तयारीका लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम नगर कार्यपालिकाले कोटेशन आब्वान गरी समय सीमा भित्र दर्ता भएका प्रस्तावहरु मध्ये रोबस्ट आईटी कन्सेप्ट्स प्रालि ललितपुरलाई मुल्याङ्कनका आधारमा छनौट गरियो । सोही बमोजिम विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाका आधारमा डिजिटल वस्तुस्थिति विवरण तयारीमा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने गरी मिति २०७६ साल बैशाख महिनाको १० गते द्विपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरियो । सम्झौता अनुसार संघीय सरकारले उपलब्ध गराएको गाउँ/नगर वस्तुस्थिति विवरण तयारी कार्यविधि २०७५, विगतका अनुभव, स्थानीय विशिष्टता तथा आवश्यकता, नगर कार्यपालिका र नगर विकासका सरोकारवालासँग राय परामर्शका आधारमा नगर कार्यपालिकाको निर्णय र नेतृत्वमा देहाय बमोजिमका चरण, विधि र प्रकृया अवलम्बन गरी नगर वस्तुस्थिति विवरण तयारी गरिएको थियो ।

१.४.१ नगर वस्तुस्थिति विवरण तयारीको ढाँचा, सर्भेक्षण औजार तथा विधि र प्रक्रिया स्वीकृत

कार्यविधिको व्यवस्था, विगतका सफल अभ्यास, स्थानीय सरोकारवालसँगको छलफल र विज्ञका सुझाब समेतलाई आधार मानी नगर वस्तुस्थिति विवरण तयारीको ढाँचा, सर्भेक्षण औजार तथा विधि र प्रकृयालाई नगर कार्यपालिकाबाट स्वीकृत गरिएको थियो । जसअनुसार मुद्रित प्रतिवेदनका अतिरिक्त आवश्यकता अनुसार सच्याउन वा अद्यावधिक गर्न सकिने कम्प्युटर सफ्टवयरमा आधारित डिजिटल स्वरुपमा समेत तयार गर्ने निर्णय गरिएको थियो । यस क्रममा नगरपालिकाका पदाधीकारी, विषयगत शाखाका प्रमुख, स्थानीय संघ/संस्था, नगर विकासका सरोकारवाला र जानिफकार व्यक्तिसँग सुझाब समेत लिइएको थियो । वस्तुस्थिति विवरण तयारीका लागि कार्यविधि अनुसार नगर कार्यपलिकाबाट स्वीकृत घरपरिवार सर्भेक्षण फारमलाई **अनुसूची १ (क)** र सहभागितमूलक छलफल तथा संस्थागत सर्भेक्षण फारमलाई **अनुसूची १ (ख)** मा प्रस्तुत गरिएको छ ।

१.४.२ वस्तुस्थिति विवरण तयारी गोष्ठी

नगर विकासका सरोकारवाला माझ वस्तुस्थिति विवरण तयारीको उदेश्य, ढाँचा, विधि, प्रकृया, औजार, चरण र जिम्मेवारी सम्बन्धमा छलफल गरी साझा बुझाई र कार्ययोजना तयार पार्ने उदेश्यका साथ २०७६ साल बैशाख महिनाको १६ गते वस्तुस्थिति विवरण तयारी कार्यशाला गोष्ठी सम्पन्न भएको थियो । सो कार्यशाला कार्यपालिकाको आयोजना तथा परामर्शदातृ संस्था रोवस्ट आईटी कन्सेप्ट्स प्रालिका विषय विज्ञको सहजिकरणमा सञ्चालन भएको थियो । कार्यशाला गोष्ठीमा नगर कार्यपालिकाका पदाधिकारी, विषयगत शाखाका प्रमुख, स्थानीय जानकार व्यक्ति, स्थानीय संघ संस्थाका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो । सरोकारवाला माझ भएको अन्तरक्रियात्मक

छलफलमा वस्तुस्थिति विवरण तयारीसम्बन्धमा साझा धारण तथा बुझाइ सहित जिम्मेवारी र कार्यतालिका समेत तयार गरिएको थियो । वस्तुस्थिति विवरण तयारी कार्यलाई प्रभावकारी र व्यवस्थित गराउन नगर उपप्रमुख श्री शिव कुमारी चौधरीको संयोजकत्वमा कार्यदल गठन गरियो । कार्यदलको विवरण **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

१.४.३ तथ्याङ्क संकलन

नगर वस्तुस्थिति विवरण तयारीका लागि प्राथमिक र द्वितीय दुवै श्रोतबाट तथ्यांक संकलन गरिएको छ । यस प्रयोजनका लागि घरपरिवार सर्भेक्षण, संस्थागत सर्भेक्षण, सहभागितामुलक छलफल, भौगोलिक अवस्थितिगत नक्शाङ्कन, दस्तावेज अध्ययन र जानकार व्यक्ति अन्तरवार्ता गरी पाँच किसिमका विधिको अवलम्बन गरिएको थियो । प्राथमिक श्रोतबाट तथ्याङ्क संकलनका लागि घरपरिवार सर्भेक्षण, सहभागितामूलक छलफल, भौगोलिक अवस्थितिगत नक्शाङ्कन र जानकार व्यक्ति अन्तरवार्ता विधिको उपयोग गरिएको थियो । द्वितीय श्रोतबाट तथ्याङ्क संकलनका लागि संस्थागत सर्भेक्षण र दस्तावेज अध्ययन विधिको अवलम्बन गरिएको थियो । घरपरिवार सर्भेक्षणका लागि एन्रोइड मोवाईल सिस्टममा आधारित Local Govt Profile HH Survey एप्लिकेसनको उपयोग गरिएको थियो । सर्भेक्षणका लागि वडा कार्यालयको सिफारिसमा योग्यता पुगेका हरेक वडाको कम्तिमा २ जना रहने गरी जनसंख्याका आधारमा ४४ जना गणकहरुको छनौट गरिएको थियो । सर्भेक्षणमा खटिने गणकहरुका लागि मोवाइल एप्लिकेशनमा आधारित घरपरिवार सर्भेक्षणसम्बन्धमा स्पष्ट गराउने उदेश्यले अभिमुखिकरण तथा प्रयोगात्मक अभ्यास सहितको तालिम मिति २०७६ साल वैशाख महिनाको १५ र १६ गते आयोजना गरिएको थियो । तालिममा विषय विज्ञद्धारा सहजिकरण गरी घरपरिवार सर्भेक्षणसम्बन्धी प्राविधिक तथा व्यवहारिक विषयमा स्पष्ट गरिएको थियो । घरपरिवार सर्भेक्षण कार्यको निरन्तर अनुगमन र पृष्ठपोषण प्रदान गर्न प्राविधिक कर्मचारी र वडा सचिवहरु समेतलाई यससम्बन्धमा जानकारी गरिएको थियो । विषय विज्ञ तथा सहजकर्ताको प्रत्येक्ष संलग्नता र सहजिकरणमा सहभागितामुलक छलफल, जानकार व्यक्ति अन्तरवार्ता र भौगोलिक अवस्थितिगत तथ्याङ्क संकलन कार्य सम्पन्न भएको थियो । सहभागितामूलक छलफलका लागि वडा समिति/कार्यालय, विषयगत कार्यालय/शाखा, संघ/संस्था का प्रतिनिधि वा पदाधिकारी लगायत स्थानीय जानिफकार व्यक्तिको सहभागिता रहेको थियो । श्रोत नक्शा तयारीको प्रयोजनका लागि Google Earth को सहयोगबाट स्थानगत सूचना संकलन गरिएको थियो । द्धितीय तथ्याङ्क संकलनका लागि तोकिएअनुसारको संस्थागत सर्भेक्षण फारमको उपयोग गरिएको थियो । द्धितीय तथ्याङ्कको संकलनका लागि नगर कार्यपालिका कार्यालय, जिल्लास्थित संङ्घ र प्रदेशस्तरीय कार्यालय, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग, शैक्षिक संस्था, स्वास्थ्य संस्था, गैसस र समुदायमा आधारित संस्था, बैंक तथा वित्तीय संस्था र उक्त कार्यालय, निकाय र संस्थाको अभिलेख तथा प्रतिवेदन र अनुसन्धानमूलक दस्तावेजहरूको अध्यायन गरिएको थियो ।

नगर कार्यपालिका पदाधीकारी तथा कर्मचारी र वडा समितिका पदाधीकारी लागायत सबै सरोकारवालको सहयोग र समन्वयका साथै निरन्तर अनुगमन तथा पृष्ठपोषणका आधारमा तथ्याङ्क संकलनको कार्य सम्पन्न भएको थियो ।

१.४.४ तथ्याङ्क प्रशोधन तथा विश्लेषण र श्रोत नक्शा तयारी

संकलित तथ्याङ्कलाई तथ्याङ्कशास्त्रीय विधिका माध्यामबाट विश्लेषण गरिएको सूचना तथा विवरणलाई सम्भव भएसम्म सामाजिक रुपले लैंगिक तथा जातिगत र भौगोलिक रुपले वडागत रुपमा खण्डीकृत गरी प्रस्तुत गर्ने कोशिस गरिएको छ । विश्लेषणका क्रममा सहभागितमूलक छलफलबाट संकलित भौगोलिक अवस्थितिगत सूचनामा आधारित रही विषय विज्ञद्धारा विभिन्न क्षेत्रको विवरण खुल्ने गरी भौगोलिक सूचना प्रणालीमा आधारित श्रोत नक्शा तयार गरिएको छ । राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग लगायतका प्रतिवेदनमा उल्लेखित जिल्लागत मानलाई समेत सूचकहरुको महत्वलाई दृष्टिगत गरी नगरपालिकाको हकमा सामान्यीकरण गर्न मिल्ने हदसम्म सामान्यीकरण गरिएको छ ।

१.४.५ वस्तुस्थिति विवरणको मस्यौदा तयारी

विश्लेषणबाट प्राप्त सूचनालाई विषय विज्ञको सहयोगमा स्वीकृत ढाँचाबमोजिम विषय क्षेत्रगत रुपमा छुट्टिने गरी प्रस्तुत गरिएको वस्तुस्थिति विवरणको मस्यौदा तयार गरी नगर कार्यपालिका कार्यालयमा पेश गरियो । वस्तुस्थिति विवरणलाई कम्प्युटर सफ्टवेयरको माध्यामबाट डिजिटल स्वरुपका अतिरिक्त को मुद्रित प्रति समेत तयार गरिएको छ । नगर वस्तुस्थिति विवरणको डिजिटल प्रतिलाई अध्ययन गर्न नगर कार्यपालिकाको वेबसाईट मार्फत https://lgprofile.robustitconcepts.com मा Log in गरी तथा मोबाईल एप मार्फत google play store बाट डाउनलोड गरी मोबाईल फोनमा पनि हासिल गर्न सकिने गरी तयार गरिएको छ ।

१.४.६ वस्तुस्थिति विवरण प्रमाणीकरण कार्यशाला

नगर कार्यपालिका कार्यालयमा पेश गरिएको वस्तुस्थिति विवरणको मस्यौदा प्रतिवेदनलाई सरोकारवाला माझ प्रस्तुत गरी सुझाव प्राप्त गर्ने र स्वीकार्य बनाउने उदेश्यका साथ मिति २०७६ साल आषाढ १७ गते प्रमाणीकरण कार्यशाला गोष्ठीको आयोजना गरियो । कार्यशालामा नगर कार्यपालिकाका पदाधिकारी, नगर कार्यपालिका शाखा/उपशाखा र विषयगत शाखा प्रमुख वा प्रतिनिधि, संघ/संस्था एवं समुदायमा आधारित संस्थाका प्रमुख वा प्रतिनिधि, स्थानीय जानिफकार व्यक्ति, पत्रकार सहितको सहभागिता रहेको थियो । कार्यशालाको सहजिकरण प्राविधिक टोलीका सहजकर्ताद्धारा गरिएको थियो । सो कार्यशालमा वस्तुस्थिति विवरणको मस्यौदालाई विषयगत रुपमा प्रस्तुती गरी विषयगत समूह तथा वृहत् समूह छलफलमार्फत सुझाव संकलन गर्नुका साथै प्रतिवेदनलाई सुझाब सहित औपचारिक रुपमा अनुमोदन गरिएको थियो ।

१.४.७ नगर वस्तुस्थिति विवरण अन्तिम प्रतिवेदन तयारी

नगर वस्तुस्थिति विवरण प्रमाणीकरण कार्यशालाबाट विषयगत रुपमा प्राप्त सुझाब सहित जिल्ला समन्वय समिति, विषयगत शाखा, वडा समिति र सहयोगी निकायबाट समेत प्राप्त सुझाबका आधारमा वस्तुस्थिति विवरणको मस्यौदालाई परिमार्जन गरी अन्तिम प्रतिवेदन तयार गरियो ।

१.५ वस्तुस्थिति विवरणको सीमा

यस नगरपालिकाले तथ्याङ्क संकलन र व्यवस्थापनको वर्तमान आवश्यकता, उपलब्ध आर्थिक-भौतिक क्षमता, विद्यमान कानूनी तथा नीतिगत व्यवस्था र विगतका सकारात्मक अनुभवका आधारमा नगर वस्तुस्थिति विवरणको प्रतिवेदन तयार गरेको छ । नवगठीत नगरपालिकाको पहिलो वस्तुस्थिति विवरणका भएकोले व्यवहारिक ज्ञान तथा अनुभव, सङ्घीय सरकारले उपलब्ध गराएको कार्यविधि, न्यूनतम रुपमा आवश्यकीय सूचकमा केन्द्रीत रही नगरपालिकाको आवश्यकता र सामर्थअनुसार सके सम्म भौगोलिक रुपमा वडागत, सामाजिक रुपमा खण्डीकृत र विषयगत रुपमा एकीकृत विवरण तयार गर्ने प्रयत्न गरिएको छ ।

तथ्याङ्क संकलनका क्रममा यथासम्भव उपयुक्त उत्तरदाताको जबाफ तथा समुहगत छलफलको निष्कर्श र आधिकारिक प्रतिवेदन तथा अभिलेखको विवरणलाई विश्वसनिय आधार मानिएको छ । सङ्घीयता कार्यान्वयन पछिको संरचनागत परिपक्वता उन्मुखता, व्यवहारिक नविनता र श्रोत साधनको सीमितताका बाबजुद तयार गरिएको यस वस्तुस्थिति विवरणलाई नगरपालिकाको आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ । प्रतिवेदनमा उल्लेखित सूचकहरुको मान वा विवरण विगतमा गरिएका वा यस पछि गरिने सङ्घ तथा प्रादेशस्तरीय वा संघ/संस्थाका अध्ययन प्रतिवेदनको विवरणसँग हुबहु मेल खान वा नखान सक्नेछ ।

परिच्छेद २ः नगरपालिकाको चिनारी

शिवराज नगरपालिका वि.सं. २०७१ मा साविक शिवपुर, वीरपुर, चनई, विसुनपुर र जवाभारी गाविसलाई समावेश गरी स्थापना गरिएको हो । स्थानीय तह पुनर्संरचनाका क्रममा नेपाल सरकारको मिति २०७३ साल फागुन २७ गतेको निर्णय अनुसार साविकका शिवगढी, थुन्हिया र लालपुर गाविस समेतलाई मिलाएर यस नगरपालिकाको पुर्नगठन गरिएको हो । यस परिच्छेदमा नगरपालिकाको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, धरातलीय अवस्था, प्राकृतिक सम्पदा, साँस्कृतिक उत्कृष्टता, विकासका संभावनाहरु र मानव विकास सूचकाङ्क जस्ता विषयलाई समाविष्ट गरिएको छ ।

२.१ भौगोलिक अवस्थिति

शिवराज नगरपालिका भौगोगिक अवस्थितिगत रुपमा २७ डिग्री ३४ मिनेट ६ सेकेण्डदेखि २७ डिग्री ४७ मिनेट ४४ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ४३ मिनेट ५२ सेकेण्ड देखि ८२ डिग्री ५६ मिनेट ७ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । समुन्द्र सतहको ७०० फिट देखि १००० फिट सम्मको उचाईमा रहेको यस नगरपालिकाको कुल क्षेत्रफल २८४.०८ वर्ग किमि रहेको छ । पूर्वमा बुद्धभूमि नगरपालिका, पश्चिममा विजयनगर गाउँपालिका, उत्तरमा अर्घाखाँची र दाङ्ग जिल्ला र दक्षिणमा कृष्णनगर र महाराजगञ्ज नगरपालिका रहेको छ । यस नगरपालिकामा हाल ११ वटा वडा कायम रहेका छन् । पूर्व पश्चिम लोकमार्गको दायाँ बायाँ रहेको यस नगरपालिका जिल्ला सदरमुकाम तौलिहवा देखि करिव ५० किमि सडक दुरीमा अवस्थित रहेको छ ।

२.२ ऐतिहासिक चिनारी तथा नामाकरण

शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनीको निकट पश्चिममा अवस्थित ऐतिहासिक स्युराज क्षेत्र तथा प्रसिद्ध धार्मिक स्थल शिवगढीका नामबाट नामाकरण गरिएको शिवराज नगरपालिका नेपाल सरकारको मिति २०७१ मा साविक शिवपुर, वीरपुर, चनई, विसुनपुर र जवाभारी गाविसलाई समावेश गरी स्थापना गरिएको हो । नेपाल सरकारको मिति २०७३ साल फागुन २७ गतेको निर्णय अनुसार साविकका शिवगढी, थुन्हिया र लालपुर गाविस समेतलाई मिलाएर शिवराज नगरपालिकाको पुनर्संरचना गरिएको हो ।

२.३ राजनीतिक अवस्थिति

यस नगरपालिका प्रदेश नं. ५ अन्तरगत कपिलवस्तु जिल्लामा रहेका कूल ६ नगरपालिका र ४ गाउँपालिका मध्ये एक हो । प्रतिनिधी सभा निर्वाचनका लागि तोकिएका जिल्लाका कूल ३ निर्वाचन क्षेत्र मध्ये क्षेत्र नं. ३ मा पर्दछ भने प्रदेशसभा निर्वाचन प्रयोजनका लागि कायम गरिएको निर्वाचन क्षेत्रको लागि क्षेत्र नं. ३ (ख) मा रहेको छ । नगरपालिकाको केन्द्र चन्द्रौटा बजारमा रहेको छ । नगरपालिकामा ११ वटा वडा कायम रहेका छन् । हालको वडामा समावेश साविक गाविस तथा नगरपालिका र वडागत क्षेत्रफललाई देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १ः नगरपालिकाको वडा तथा क्षेत्रफल विवरण

हालको वडा नं.	साविक नपा तथा गाविसको वडा नं.	क्षेत्रफल (वकिमि)	प्रतिशत
१	शिवराज नपा वडा नं. १ र ९	७९.४६	२७.९७
२	शिवराज नपा वडा नं. ११	१०	३.५२
३	शिवराज नपा वडा नं. २ र ३	४७.६७	१६.७८
४	शिवराज नपा वडा नं. ४ र ५	१०.७४	३.७८
५	शिवराज नपा वडा नं. ६ र १०	८.४५	२.९७
६	शिवराज नपा वडा नं. ७ र ८	१६.५९	५.८४
७	शिवराज नपा वडा नं. १३	८.४८	२.९९

हालको वडा नं.	साविक नपा तथा गाविसको वडा नं.	क्षेत्रफल (वकिमि)	प्रतिशत
८	शिवराज नपा वडा नं. १२	११.२८	३.९७
९	शिवगढी गाविस वडा नं. १ देखि ९ सम्म	७२.४६	२५.५१
१०	लालपुर गाविस वडा नं. १ देखि ९ सम्म	७.२७	२.५६
११	थुन्हिया गाविस वडा नं. १ देखि ९ सम्म	११.६७	४.११
जम्मा		**२८४.०७**	**१००**

श्रोतः स्थानीय तह पुर्नसंरचना आयोगको प्रतिवेदन, २०७३

२.४ धरातलीय अवस्था

समुन्द्री सतहदेखि ९४ मिटर देखि ११७ मिटर सम्मको उचाईमा रहेको यस नगरपालिकाको सबैजसो भूभाग समथर रहेको छ । तथापि, नगरपालिकाको माथिल्लो भागमा चुरे पहाड रहेको छ । खोला नाला तथा खोल्साका कारण कतिपय भूभागमा खण्डित किसिमको भूस्वरुप पनि रहेको देखिन्छ ।

२.५ प्राकृतिक सम्पदा तथा हावापानी

प्राकृतिक सम्पदाका रुपमा समथर तथा उर्वर जमिनको व्यापकता रहेको यस क्षेत्रमा हावापानीका हिसाबले उष्ण क्षेत्रीय (Tropical) जलवायु विद्यमान रहेको क्षेत्र हो । कूल क्षेत्रफलको ९६.६९ प्रतिशत वा १८०.६८ वकिमि वा ६३.६ प्रतिशत क्षेत्र वन जंगलले ढाकेको छ । खेती गरिएको जमिन ९६.३२ वकिमि, बलौटे क्षेत्र ३.१७ र पानीले ढाकेको क्षेत्र २.०४ वकिमि रहेको देखिन्छ । भूउपयोगको अवस्थालाई देहाय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २: भूउपयोगको अवस्था

क्र.सं	भूउपयोगको प्रकार	क्षेत्रफल (बर्ग किमि)	प्रतिशत
१	खाली जमिन	०.५४	०.१९
२	खेती गरिएको जमिन	९६.३२	३३.९१
३	भिर पखेरा	०.०८	०.०३
४	बन जंगल	१८०.६८	६३.६०
५	नर्सरी	०.०५	०.०२
६	बगैंचा	०.१३	०.०५
७	ताल, पोखरी	०.०३	०.०१
८	बलौटे क्षेत्र	३.१७	१.१२
९	बुट्यान झाडी	०.९७	०.३४
१०	पानीले ढाकेको क्षेत्र	२.०४	०.७२
११	अन्य	०.०६	०.०२
	जम्मा	**२८४.०७**	**१००.००**

श्रोतः Land Resource Mapping Project (LRMP), 1996, नापी विभाग

उपरोक्त तालिकामा रहेको विवरणलाई देहायको नक्शा मार्फत प्रस्तुत गरिएको छ ।

श्रोत नक्शा नं. १: भूउपयोगको अवस्था



जमिनको किसिम	क्षेत्रफल (ब.कि.)	प्रतिशत
खाली जमिन	०.५४	०.१९
खती गरिएको जमिन	९६.३२	३३.९१
भिरपहरा	०.०८	०.०३
जंगल	१८०.६८	६३.६०
बगैंचा, नर्शरी	०.१८	०.०७
बगर	३.१७	१.१२
झडि वन	०.९७	०.३४
सिमसार	०.०६	०.०२
नदी, पोखरी, जलक्षेत्र	२.०७	०.७९
जम्मा	२८४.०७	१००.००







श्रोतः Land Resource Mapping Project (LRMP), 1996, नापी विभाग

२.६ साँस्कृतिक उत्कृष्टता

जातजातिगत हिसाबले मिश्रित बसोबास रहेको यस क्षेत्रमा हिन्दु तथा मुस्लिम धर्मालम्बी र थारु, मधेसी, पहाडी र मुस्लिम समुदायका बीचको युगौं पुरानो सहिष्णुतायुक्त सम्बन्ध रहेको छ। चाडपर्वका सन्दर्भमा हिन्दु धर्मालम्बीहरुले मुख्यतया दुर्गा पुजा, दिवाली, छठ र होली मनाउँछन् भने मुस्लिमहरुमा इद तथा रमजान जस्ता चाडपर्व र थारुहरुमा हिन्दु चाडका अतिरिक्त माघी पर्व धुमधामसँग मनाउने परम्परा रहेको छ। धार्मिक तथा ऐतिकासिक हिन्दु देवी देवताका मन्दिर र मस्जिदहरु दर्जनौंको संख्यामा यस क्षेत्रमा विद्यमान रहेका छन्। भाषिक रुपमा अवधि, थारु र नेपाली भाषा नै बोलिचालीको प्रमुख भाषाका रुपमा प्रचलनमा रहेको छ। भेषभुषाका हिसाबले पुरुषहरुमा धोती तथा कमिज र महिलाले कुर्ता, व्लाउज, लेहङ्गा, सारी, वुर्का (मुस्लिम महिलाले मात्र) मुख्य रुपमा लगाउने गर्दछन्। तथापि, आधुनिक भेषभुषाको प्रभाव खासगरी युवापुस्तामा बढ्दै गएको देखिन्छ।

२.७ मानव विकास सूचकाङ्क तथा गरिबी

नेपाल मानव विकास प्रतिवेदन २०१४ र गरिबीको लघु क्षेत्र अनुमान २०६८ ले जिल्लागत रुपमा मानव विकास सूचकाङ्क तथा गरिबी सम्बन्धी तथ्याङ्कलाई प्रस्तुत गरेको छ। नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार कपिलवस्तु जिल्ला तत्कालिन ७५ जिल्ला मध्ये २२ औं जिल्लाका रुपमा रहेको छ। प्रतिवेदनले जिल्लाको प्रतिव्यक्ति आय ९९० अमेरिकी डलर, सरदर आयु ६७.५६ वर्ष र साक्षरता ४७.१ प्रतिशत रहेको देखाउँछ। गरिबीको लघु क्षेत्र अनुमान २०६८ अनुसार यस जिल्ला गरिबीमा ५७ औं जिल्लाका रुपमा रहेको छ। जसअनुसार ३५.५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको देखिन्छ। जिल्लागत रुपमा देखिएका उपरोक्त सूचकका मानलाई नगरपालिकाको हकमा पनि सामान्यिकरण गर्न सकिने देखिन्छ।

परिच्छेद ३: जनसंख्याको अवस्था

यस परिच्छेदमा नगरपालिकाको जनसंख्यासँग सम्बन्धी सूचकहरु सम्बन्धमा देहायका उपशिर्षकहरुमा व्याख्या गरिएको छ ।

३.१ वस्तीको विवरण

नगरपालिका भित्र कूल १३८ वटा वस्ती रहेका छन् । वडागत रुपमा हेर्दा वडा नं. ९ मा सबैभन्दा उच्च संख्यामा २१ वटा वस्ती रहेका छन् भने सबैभन्दा न्यून संख्यामा वडा नं. ७ र १० मा ७ वटा मात्र वस्ती रहेका छन् । वडागत रुपमा वस्तीको नाम र संख्या सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

*तालिका ३: वस्तीको वडागत **विवरण***

